# नेपाली आख्यान (NEP-PG-C1-2)

## प्रथम सत्र

# जुनेली रेखा उपन्यास

डा सुचन प्रधान
सहायक प्राध्यापक
कञ्चनजङ्घा राज्य विश्वविद्यालय, सिक्किम
नेपाली विभाग

**इन्द्र सुन्दासको परिचय**

इन्द्र सुन्दासको जन्म दार्जिलिङ जिल्लाको खरसाङ स्थित सिपाही धुरामा 22 सितम्बर सन् 1918 आइतबारको दिन भएको थियो। उनका मातापिता वेदमाया सुन्दास र शान्तवीर सुन्दास थिए। उनले खरसाङबाटै आफ्नो प्राथमिक शिक्षा सुरु गरेर कलकत्ता विश्वविद्यालयबाट बी ए परीक्षा उत्तीर्ण गरी सरकारी जागिरमा प्रवेश गरेका थिए।

सानैदेखि साहित्य सङ्गीतमा रुचि लिने इन्द्र सुन्दासले साहित्यका विभिन्न विधा कथा, उपन्यास, निबन्ध, जीवनी तथा अनुवाद आदिमा कलम चलाएका छन्।

उनका प्रकाशित कृतिहरू- *रामकृष्ण र तिनका दुइ चेला* (सन् 1941), *टाल्सटायका कथा* (सन् 1948), *पिताको पत्र छोरीलाई* (सन् 1950), *महात्मा गान्धीको संक्षिप्त आत्मकथा* (सन् 1957), *मङ्गली* (सन् 1958), *रबीन्द्र रचनावली* (खण्ड: 2 लघुकथाहरू, सन् 1964), *रानीखोला* (सन् 1967), *साहित्य पथमा* (सन् 1976), *जुनेली रेखा* (सन् 1979), *नियति* (सन् 1982), *माणिक बन्दोपाध्यायको पद्मा नदीको माझी* (सन् 1982), *रोमन्थन* (सन् 1989), *राजा राममोहन राय* (सन् 1983), *बङ्गला साहित्यको इतिहास* (सन् 1991), *सहारा* (सन् 1995), *योगेश्वरी अञ्जनादेवी*

(सन् 1998) आदि कृतिहरू प्रकाशित भएको पाइन्छ। *जुनेली रेखा*को निम्ति भानुभक्त पुरस्कार (सन् 1980), *नियति* उपन्यासको निम्ति साहित्य अकादेमी पुरस्कार (सन् 1983)-मा पाएका छन्।

रूपनारायण सिंह र गुरुप्रसाद मैनालीकै परिपाटीमा सामाजिक यथार्थवादी कथा लेख्ने इन्द्र सुन्दास आञ्चलिक उपन्यासकारका रूपमा पनि परिचित छन्। उनका चारवटा उपन्यासहरूको पृष्ठभूमि दार्जिलिङकै चियाकमान, गाउँबस्ती, सहर, सामान्य लोकजीवन आदि रहेको छ। उनका उपन्यासका प्रायः जसो पात्रहरू मध्यम र निम्नमध्यमवर्गीय, मजदुर, खटी खाने कुल्ली छन्। साधारण लोकजीवनको रीतिथिति, संस्कार, चाडपर्व, लोकविश्वास, धर्म, कर्म आदिको सजीव चित्रण उनका औपन्यासिक वैशिष्ट्यहरूमा प्रमुख हुन्।

## ***जुनेली रेखा*को परिचय**

सन् 1979मा प्रकाशित *जुनेली रेखा* उपन्यास चौधवटा स-साना परिच्छेदहरूमा विभाजित छ भने यो 75 पृष्ठमा आबद्ध गरी लेखिएको छ। दार्जिलिङको चियाकमानको पृष्ठभूमिमा आधारित यस उपन्यासमा ब्रिटिश शासनको इतिवृत्त पाइन्छ। थोरै पात्र अनि लघु आकारको यस उपन्यासमा ब्रिटिशहरूले चियाबारीको मजदुरहरूलाई अत्याचार एवम् विशेष हट्टा बाहिर गरेको, तत्कालीन समयको राजनैतिक, सामाजिक र आर्थिक अवस्थाको सजीव चित्रण पाइन्छ।

## ***जुनेली रेखा*मा लोकतत्त्व**

यस उपन्यासमा लोकतत्त्वसँग सम्बन्धित लोकजीवन, विभिन्न प्रकारका लोकविश्वासहरू जस्तै, ईश्वरप्रति विश्वास, टुनामुना, भाग्यवाद, ग्रह-दशाप्रति विश्वास, देवी-देवताप्रति विश्वास र लोकभाषा पाइन्छन्, त्यसको अध्ययन तल विस्तृतरूपमा गरिन्छ।

### **लोकजीवन**

सन् 1979मा प्रकाशित इन्द्र सुन्दासको *जुनेली रेखा* दोस्रो उपन्यास हो। चौध परिच्छेदहरूमा विभाजित यस कृतिमा सरल सरस भाषा एवम् वर्णनात्मक शैलीको प्रयोग गरिएको छ। प्रस्तुत कृति

अङ्ग्रेज शासनाधीन भारतवर्षको पृष्ठभूमिमा लेखिएको छ र यसमा मूलतः दार्जिलिङ पहाडी अञ्चलका चिया कमानहरूका मजदुरहरूको दुःख-दुर्दशा र शोषण तथा दार्जिलिङ सहरको नागर जीवन-सङ्घर्षको चित्रण पाइन्छ।[1] ब्रिटिशकालीन उपनिवेश भारतको चियाबारीमा आधारित कथावस्तु भएको यस उपन्यासको पृष्ठभूमि मेकी कमान रहेको छ भने उपन्यासमा ऐतिहासिकता र आञ्चलिक प्रवृत्ति पनि पाइन्छ। प्राक्कथनमा उपन्यासकार आफै पनि यो कुरो स्वीकार गर्दै भन्छन्-

> "यथार्थवादमा आधारित यो उपन्यासको पृष्ठभूमि छ। भारतअन्तर्गत टिस्टा नदीबाट पश्चिममा पर्ने विस्तृत चियाउपनिवेशको एउटा काल्पनिक पाटो एवम् अवधि पर्छ ब्रिटिशको बल्दो युग अर्थात् इन्डिया बनाम भारतवर्ष स्वतन्त्र हुनुभन्दा निकै वर्षअघि। यस उसले यस उपन्यासका दृश्यहरू छन् उहिलेका, अहिलेका होइनन्, अनि यसमा घटनाहरू जति छन्, ती आफ्नै कानले सुनेका, आफ्नै आँखाले देखेका, आफ्नै छातीले अनुभव गरेका; कुनै पनि असम्भव थिएन, सबै सम्भव थिए। यो ऐतिहासिक सत्य हो।"[2]

तसर्थ यस उपन्यासमा चित्रित पात्र-पात्राहरूको लोकजीवन, समाज, परिवेश, संस्कार, संस्कृति, लोकविश्वास एवम् लोकआस्थाहरू कुनै काल्पनिक कोराकागज नभएर यथार्थ एवम् जीवन्त छन्।

तृतीय पुरुष दृष्टिबिन्दुमा लेखिएको यस उपन्यासको कथावस्तु मुख्य पात्र जसेको वरिपरि विचरण गरेको छ। उपन्यासमा चित्रित प्रमुख पात्र-पात्राहरू कमानमा कुल्ली काम गर्ने निम्नवर्गका छन्। उनीहरूका जीवनको रोजनामचा पनि गाउँले परिवेश, परम्परागत लोकविश्वासहरू, लोकसंस्कारहरूले आवृत भएको पाइन्छ।

नेपाली लोकसंस्कार अनुसार विधवा स्त्रीले पुनः विवाह गर्नु हुँदैन भन्ने सामाजिक मान्यता पाइन्छ। यस उपन्यासमा पनि मालिनीको घरमा जसे आएर विवाहको प्रस्ताव राख्दा मालिनीले अस्वीकार गर्दै विरोध गर्छ- "...उ एउटी नारी, दैवको क्रुर प्रहारले अति तरूणावस्थामा विधवा

---

[1] दाहाल, 'दार्जीलिङका नेपाली', पृ. ९९

[2] इन्द्र सुन्दास, सन् २०११, *जुनेली रेखा,* (चौ सं), गान्तोक : जनपक्ष प्रकाशन, पृ. ७

हुनुपरेको, दरिद्र कोखमा जन्म लिएको भए तापनि सामाजिक, धार्मिक, नैतिक चिर प्रचलित रीतिथितिले सीमाबद्ध पारिएकी हुनाले जसे वा अरू कुनै एक्लो पुरुष उसको झुप्रोमा अनावश्यक आउनु उसले अनुचित ठहराई। युग-युगदेखि उसको सूक्ष्म शरीरले बोकेर ल्याएको संस्कारले जसे जस्तो मानिस उसको वासगृहमा आउनु हुँदैन भनेर उसको हृदय घच्घचाइरह्यो।" लोकजीवन एवम् हिन्दू धर्ममा आस्थावान् सनातनी नेपाली परम्पराअनुसार विधवाले विवाह नगरेर आफ्नो धर्म बचाउनु पर्छ भन्ने सामाजिक मान्यता पाइन्छ। यस उपन्यासमा पनि मालिनीको घरमा जसे बारम्बार आउँदा एकजना छिमेकी भन्छे- "मालिनीको छिमेकीहरूलाई जसे त्यसरी त्यहाँ घरिघरि आएको निको छाँट लागेन। एउटी विधवाको घरमा उ त्यसरी धाएको असहनीय भयो। मौका हेरेर एउटी छिमेककी स्वास्नीमान्छेले ता पच्कारेर भनी,- त्यो जसे अस्ति त्यस्तो भएर पनि फेरि किन आयो ? किन त्यसरी आउजाउ गर्न दिएको ? आफ्नो धर्म बचाऊ है बैनी !"[3] फेरि मालिनी भन्छे- "म त्यति गयल होइन दिदी ! मरेको लोग्नेको सत् छोडेको छुइनँ।"[4] लोकजीवनले छोरीचेलीको इज्जत सियोको टुप्पोमा हुन्छ भन्दै आएको हुनाले मालिनीमाथि पनि त्यही मनोवैज्ञानिक लोकस्मृति वा लोकसंस्कारको प्रभाव परेको देखिन्छ- "उ ता लोग्नेमान्छे उसलाई केको लाज ? जसो गरे पनि लोग्ने-छोराको इज्जत जाने होइन। आइमाईको  पो कर्कलोको पानीसरी। म विधवा भएको पनि कति महीना भयो र ?"[5] जसेले बारम्बार बिहेको प्रस्ताव राख्दा, लोकलाजको डरले यसरी मालिनीले आफ्नो पीरमर्का व्यक्त गर्छे एवम् ऊ पारम्परिक संस्कारद्वारा पोषित छे। अर्थात् उसले सामाजिक मान्यताको डर बोकेकी छे। लोकजीवनले मान्दै आएको परम्परालाई तोड्ने हिम्मत मालिनी जस्ती विधवासित नहुनु अत्यन्त स्वाभाविक मान्न सकिन्छ।

नेपाली जाति विभिन्न जनगोष्ठी, विभिन्न धर्मावलम्बीहरूको समिश्रणले गठन भएको छ। विशेष किरात, बौद्ध एवम् हिन्दू धर्मावलम्बीहरूको कुनै परिजनको मृत्यु भए एक वर्षसम्म शोक

[3] सुन्दास, 'जुनेली रेखा', पृ. १४
[4] सुन्दास, 'जुनेली रेखा', पृ. १४
[5] सुन्दास, 'जुनेली रेखा', पृ. ११

पालन गरेको पाइन्छ। लोकभाषामा यसलाई "जुठोमा परेको" वा "नचोखिएको" भन्ने गरिन्छ। जसे मालिनीको घरमा गई बिहेको प्रस्ताव राख्दा मालिनीले अस्वीकार गर्दा उसले मालिनीप्रति सहानुभूति राख्दै भन्छ-"...घरजहान खसेर चोखिएको हिजोअस्ति, फेरि उसको लोग्ने मरेको वर्षदिन भएको छैन।"[6]

सुन्दास यहाँ एक कुशल चित्रकारले झैं नेपाली लोकजीवनको सजीव चित्रण गर्न सफल भएका छन्। परापूर्वकालदेखि पालन गर्दै आएका विभिन्न लोकविश्वासहरू, लोकआस्थाहरू एवम् लोकजीवनहरू यस उपन्यासमा वर्णित पाइन्छ।

**लोकविश्वास**

लोकजीवनले बार, दिन, ग्रहहरूको शुभ-अशुभको सङ्केतमाथि विश्वास गरेको पाइन्छ। यस उपन्यासमा पनि जसे मालिनीको घरमा गएर प्रतिदिन अशान्ति गर्दा अनिष्टकर ग्रहले सताएको भन्ने विश्वास गरिएको छ- "मालिनीले शान्तिसित धेरै दिन बस्न पाइनँ। अनिष्टकर ग्रहले उसलाई फेरि पिर्न थाल्यो।"[7] जसेले बेसी सतायो भनेर मालिनीले साहेबलाई रिपोट गरेर- "घर फर्कँदा अब उसको ग्रह हटेजस्तो लाग्यो र उ एक प्रकारले खुशी भएकी थिई।"[8] फेरि त्यही साहेबले मालिनीमाथि कुदृष्टि राख्दा- "मालिनीको ग्रह बिग्रेकै रहेछ भन्नुपर्‍यो"[9] भनेर उपन्यासमा वर्णन गरिएको छ। मालिनीलाई कमानमा बस्न निकै कष्टकर भएपछि कमानबाट उन्मुक्त हुने सपना देख्छ- "जूनलाई ढाक्ने कालो मेघ पनि खस्केर अलि तल पुगेछ, त्यसको शिखरमा समानान्तर

---

[6] सुन्दास, 'जुनेली रेखा', पृ. ९
[7] सुन्दास, 'जुनेली रेखा', पृ. १३
[8] सुन्दास, 'जुनेली रेखा', पृ. २२
[9] सुन्दास, 'जुनेली रेखा', पृ. ५२

जुनेली प्रस्ट देखियो, अति सुन्दर, स्वर्गीय। मालिनीले त्यो हेरिरही अनि उसले प्रेरणा पाई- मेरो पनि यो कालो ग्रह हटेपछि शुभ दिन आउला, यत्तिकै नरहला।"[10]

जसे कमानबाट हट्टाबाहिर भएपछि बाटोमा चैनधोज सरदारलाई गुनासो पोख्दै भन्छ- "मैले त्यति सारो केही बिराए जस्तो लाग्दैन। दिनै बिग्रेको। घर-जहान खसेको पनि धेर भा'को छैन। त्यहाँदेखि दशा लागेको लाग्यै छ।"[11] नेपाली लोकजीवनले ग्रह, नक्षत्र, दिन, दशाप्रति विश्वास गरेको पाइन्छ। मानिसको ग्रह, दिन वा दशा लाग्यो भने घर अशान्ति हुन्छ, दुख-बिमार हुन्छ, चोटपटक लाग्छ, धन सम्पत्तिको हानि हुन्छ, झैझगडा हुन्छ भन्ने विश्वास लोकजीवनमा पाइन्छ।

मानिसले विभिन्न साधना वा उपसनाका माध्यमद्वारा अलौकिक शक्ति आर्जन गर्न सक्छ र त्यसका माध्यमद्वारा विभिन्न चमत्कारहरू देखाउन सक्छ भन्ने आदिम भावनामा रहेका जादु, टुनामुना र योगसँग सम्बन्धित विश्वासहरू पनि लोकतत्त्व हुन्।[12] यस उपन्यासमा पनि मालिनीको टुनामुनामाथि विश्वास रहेको देखिन्छ-

> "कमान छाड्ने राति जसेले उसको दैलोमा छाडिराखेका फर्सीका गट्टा र इस्कुसको कोसेली उसको घरभित्र ता लुकाई तर दुई दिनसम्म तिनलाई छोइनँ। उसलाई प्रहेलिका जस्तो लाग्यो। जसेले साटो फेर्न जानापालाई मन्त्र फुक्नलाइवरि मलाई बिगार्न छाडिराखेको होला भन्ने उसको अन्धविश्वासी मनमा पऱ्यो।"[13]

जसेले छोडेका सब्जीहरू कतै टुनामुना गरेको छ कि भनेर मानिली खाना डराउँछे। इन्द्र सुन्दासले पनि मालिनीको भाग्य ग्रहदशाबाट नै कोरेका छन् भने अन्य पात्रहरूलाई पनि उपन्यासमा भाग्यले डोऱ्याउँदै लगेका छन्।

---

[10] सुन्दास, 'जुनेली रेखा', पृ. ५४
[11] सुन्दास, 'जुनेली रेखा', पृ. २८
[12] पराजुली, 'लोकगाथामा लोकतत्त्व', पृ. ४२
[13] सुन्दास, 'जुनेली रेखा', पृ. ५०

यस उपन्यासका अन्यान्य पात्रपात्राहरू निम्नवर्गीय र अशिक्षित समाजबाट छन्। यस्ता पात्रहरू भाग्यमाथि विश्वास गर्ने हुन्छन् जसलाई भाग्यवादी भन्न सकिन्छ। यस उपन्यासका प्रमुख पात्र जसेले पनि आफ्नो भाग्यमाथि विश्वास गरेका छन्। ऊ हट्टाबाहिर भएपछि मालिनीलाई भेट्न आउँदा भन्छ- "त्यसो नगर बैनी, चिन्यौन मो जसे अभागीलाई, एक वचन बिदा लिनु आ'को....बैनी, मलाई साहेबले कालापानी भेज्यो, हट्टाबाहिर भएँ। नरिसाऊ लौ, माफी देऊ, बाँचे भने भेट होला।"[14] यसरी जसेले आफैलाई अभागी, असहाय ठानेको छ। कमान छोडेर जसे बाटोमा आउँदा चैनधोज सरदारले भन्छ- "हेर नानी, फिकिर नगर, तिमी जस्तो जवान मान्छेलाई दुःख हुँदैन, भगवान्ले बास-गाँस सब थोक जुराइदिन्छन्।"[15]

यस उपन्यासमा ठाउँ-ठावै उखान, तुक्का, थेगो तथा आशीर्वचनको प्रयोग गरिएको छ। जसे र मालिनी कमानबाट भागेर परिणय सूत्रमा बाँधिएपछि "दोकाने बाजेले दुवैलाई टिको लाइदिएर बीसासय आयु होस्, सुखसन्चले र मेलमिलापसँग जुनी काट भन्ने आसिक दिए। जसेले पितातुल्य बुढालाई खुट्टामा ढोगिदियो, मालिनीले पनि भुइँ सोहेर ढोगी। छिमेकी मार्का- मार्कानी, बेहरानी र माली र उसका स्त्रीले पनि दुवैका निधारमा अछेता टाँसिदिए।"[16] उपन्यासमा नेपाली संस्कार-संस्कृति र लोकतत्त्वलाई बुझाउने यस्ता अनेकौं प्रसङ्गहरूले सुन्दासको यस उपन्यासलाई नेपाली लोकजीवनसित घनिष्ठ रूपले जोडेर हेर्न सकिन्छ।

## देवी-देवतासम्बन्धी लोकविश्वास

प्राचीनकालदेखि नै मानिसले देवी-देवताप्रति आस्था राख्दै आइरहेको छ। मानिसहरू आदिम अवस्थामा हुँदा प्रकृतिको भयावह रूप देखेर डराए र प्राकृतिक प्रकोपबाट बाँच्नका निम्ति अदृश्य शक्तिको पुजा गर्न सुरु गरे भन्ने एकप्रकारको मत पाइन्छ। धर्मग्रन्थअनुसार विभिन्न देवी-देवताबाट

[14] सुन्दास, 'जुनेली रेखा', पृ. २३
[15] सुन्दास, 'जुनेली रेखा', पृ. २९
[16] सुन्दास, 'जुनेली रेखा', पृ. ७४

नै मानव जातिको सृष्टि भयो र सम्पूर्ण संसारको नियम, विधि विधान ईश्वरीय शक्तिको निर्देशनमा नै सञ्चालित हुन्छ भन्ने मत पाइन्छ।[17] लोकजीवनमा विभिन्न देवी-देवता, खोलानाला, रूखपात, प्रकृति आदिको पुजा गरिँदै आइरहेको छ। यस अतिरिक्त विभिन्न चाडपर्व तथा धार्मिक अनुष्ठानहरूको आयोजना गर्ने चलन रहेको पाइन्छ। लोकमानसले ईश्वर एवम् देवी-देवताप्रति गहिरो आस्था राखेको पाइन्छ।

नेपाली लोकजीवनको ईश्वरप्रतिको आस्था यस उपन्यासमा पनि ठाउँठावै पाउन सकिन्छ। जब जसेलाई कमानबाट हट्टाबाहिर गरिदियो, त्यही रात बडाकोठीमा राति ढुङ्गा हान्छ। त्यस घटनाले गर्दा बडा साहेबले सञ्चमानलाई सोधीखोजीको निम्ति बोलाउनु पठाउँदा सञ्चमान डरले ईश्वरलाई प्रार्थना गर्दै साहेबकहाँ जान्छ- "हे इशोर, हे सेतीमाई, रच्छे गर।"[18] जसे कमानबाट गइसकेको खबर पाएर सञ्चमान खुसी हुँदै फेरि सेतीमाईलाई प्रार्थना गर्छ- "सेतीमाई सत्ते-सत्ते रैछौ, म निर्दोषीको सर्वनाश गराइनौ...।"[19] लोकजीवनमा देवी-देवताप्रतिको गहिरो आस्था रहेको यी वाक्यहरूबाट प्रमाणित हुन्छ।

जसेलाई हट्टाबाहर भएपछि भागेर जाँदा बाटोमा चैनधोज सरदारलाई भेट्छ। उसले जसेलाई आँट भरोसा दिँदै भन्छ- "हेर नानी, फिकर नगर, तिमी जस्तो जवान मान्छेलाई दुःख हुँदैन, भगवान्ले बास-गाँस सब थोक जुराइदिन्छ।"[20] दार्जिलिङ सहरमा पुगेपछि जसेले सम्झिन्छ-

> "उसले आफ्ना साथीभाइ, इष्टमित्र सबैलाई सम्झ्यो, सेतीखोलाको दुइतर्फी लामो टारलाई सम्झ्यो, जहाँ साथीहरू मिली आइतबारे छुट्टीका दिन पौडी खेल्न जान्थे अनि लुकीलुकी माछा मार्थे अनि तल त्रिवेणीमा माघे-संक्रान्तिमा मेला हेर्न र रमाइलो गर्न जान्थे।

---

[17] लामा, 'प्रदीप गुरुङका', पृ. ८०
[18] सुन्दास, 'जुनेली रेखा', पृ. २४
[19] सुन्दास, 'जुनेली रेखा', पृ. २५
[20] सुन्दास, 'जुनेली रेखा', पृ. २९

सेतीदेवीको थानमा बर्सेनी एक खेप दूध र फल-फूल चढाउन छिमेकीहरूसित मिलेर गएको पनि उसले झलझली देख्यो।”[21]

लोकजीवनमा लोकखेलहरूको पनि ठुलो महत्त्व छ। फुर्सतको समयमा लोकले माछा मार्नु, लिसोपासो थाप्नु तथा पौडी खेल्नु आदि गरेको पाइन्छ। वर्षमा एकपल्ट देवीदेउराली, धाम आदिको दर्शन लोकजीवनले आजपर्यन्त गर्दै आएको छ।

**लोकभाषा**

भाषाको प्रचलित दुईवटा रूप पाइन्छ- लोकभाषा र आभिजात्य भाषा। लोकभाषामा लोकजीवनको अनुभूति, सहजता हुन्छ। लोकभाषा नै लोकजीवनको दैनिकी तथा यससित सम्पृक्त लोकसंस्कृति, लोकसाहित्य, लोकधर्म, लोकइतिहास, परम्परा निहित हुँदछ। अतः लोकजीवनमा लोकवाङ्मयलाई वहन गर्ने प्रमुख तत्त्व नै लोकभाषालाई मान्न सकिन्छ। *जुनेली रेखा* उपन्यासमा पनि पात्रको वर्ग अनुरूप भाषाको प्रयोग गरिएको छ भने विशेष दार्जिलिङको चियाबारीमा बोलिने स्थानीय भाषाको प्रयोग यसमा निकै गरेका छन्। यस उपन्यासको कथावस्तु नै चियाबारीमा आधारित हुनाले उपन्यासमा प्रयुक्त भाषा पनि विशेष चियाबारी सन्दर्भित नै पाइन्छ। उपन्यासकार सुन्दास स्वंयले प्राक्कथनमा लेखेका छन्-

“कथा सरल, सोझो र आडम्बररहित छ; यसका पात्र-पात्राहरू पनि त्यस्तै छन्। तिनका वार्तालाप पनि त्यस किसिमकै छन्। पूर्व मुगलानमा बसाइँ सरेर बसोबास गर्ने मानिसहरूमध्ये केवल पाँच प्रतिशत मात्रको नेपाली नै मातृभाषा हुनाले तिनले झर्रो नेपाली बोल्थे, तर बहुसंख्यक पञ्चानब्बे प्रतिशत विभिन्न जातहुनाले आफ्नो बीचमा आफ्नो आफ्नो बोली बोल्थे। नेपाली भाषा जनसाधारणले बोल्ने खालि एउटा सम्बन्धवाचक माध्यम बनेको थियो। यही सम्झेर तिनले कुराकानी गरेका ठाउँमा व्याकरणसिद्ध भाषा नचलाएर

[21] सुन्दास, ‘जुनेली रेखा’, पृ. ३६-३७

जनसाधारणले आफ्ना व्यवहारमा प्रयोग गर्ने भाषा प्रायः जस्तोको त्यस्तै राख्ने चेष्ठा गरिएको छ।"[22]

तसर्थ उपन्यासमा लोक प्रचलित शब्दहरूका प्रयोग बेसी मात्रामा गरिएका छन्। यसमा प्रयोग गरिएका लोक शब्दहरू यसप्रकार छन्- सिस्नु, छानु, दाउरा, डोको, चोरबाटो, सागको झोल, धोक्रे फूल, धिप्री, टार, सेती, गुन्द्रुक, निगुरो, झिक्रा, चोचेको मासु, कटुवा, कुम्लो कुटुरो, किनेमा, नाम्लो, टोकरी, जाँड, जुठो चुल्हो, गाग्री, छोक्रा, घैंटो आदि। यस अतिरिक्त उपन्यासमा चियाबारीमा प्रयोग गरिने शब्दहरूको पनि प्रयोग देखिन्छ- झिक्रा, मेकी कमान, हेली कमान, छोकडी, चियावाला सरदार, बडाकोठी, माली, बडा साहेब, बडा बेहरा, हाजिरा, मालिनी, धुरा,बबर्ची,गन्तीमा पुग्न, दवाईवाला, छोटाकोठी, छोटाहाजिरी, नोकरधुरा, बडा बेहरा, बेरानी, चोइली, हाजिरा, कामदारी, राइटरबाबु, कुल्ली, बडाहाजिरी, हट्टाबाहिर इत्यादि। उपन्यासमा गाली गरिने शब्दहरू- साला, एस्सिमा!, थुइय्य, चुप पाझी, साँढे तथा थेगोहरू- हाइ बिस्नु!, थुक्क! एवम् किरिया खाने शब्दहरू पनि पाइन्छन्।

**अनुकरणात्मक शब्दहहरू**

यस उपन्यासमा प्रयुक्त अनुकरणात्मक शब्दहरू यस प्रकार छन्- ढुक्क, भुकभुक, थ्याच्च, झ्वाट्ट, ठ्याङ, झङ्गालझुङ्गल, जन्याकजुरूक, ढ्याक-ढ्याक, छर्लङ्ग, मुसुक्क, झलमल्ल, अलमल्ल, खिरिङरिङरिङ, सुरूप्प, डाङडुङ, मुसुमुसु, झसङ्ग, बुर्लुक्क, ठुस्स, ठ्याक्क, थुइय्य, क्वाइँय्य, ठीक्क, ढ्वाक्क, पटक्क, सुटुक्क, झमक्क, पुलुक्क, गुडुडुडु, थुक्क, खुरूखुरू, थ्याच्च, झनक्क, कुतकुत्याएछ, ढुकढुक,

[22] सुन्दास, 'जुनेली रेखा', पृ. ४

बुर्लुक्क, थपक्क, घुटुक घुटुक, गुजुजुजु, पुङ्ग, सुरूप-सुरूप आदि यी झर्रो शब्दहरूले लोक जीवनको हरेक भाव स्थिति, परिवेश आदिलाई अभिव्यक्त गर्न सफल छन्।

## वाग्धाराको प्रयोग

वाग्धारा, उखान वा गाउँखाने कथाहरूको सोझो सम्बन्ध लोकजीवनसँग रहेको हुन्छ। नीति-शिक्षा, धर्म, अन्धविश्वास, कृषि तथा पशुपालन, व्यापार-वाणिज्य, इतिहाससम्मत घटना, वर्षा तथा प्रकृतिसँग मान्छेको प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्ध रहने हुनाले तिनै विषयबाट प्राप्त अनुभव र व्यावहारिक ज्ञानलाई निष्कर्षका रूपमा उखानका प्रत्येक वाक्यमा समेटिएको हुन्छ।[23] तसर्थ उखान तथा वाग्धाराले लोकजीवनको ज्ञान एवम् अनुभवलाई निचोडमा भन्ने गर्छ। प्रस्तुत उपन्यासमा प्रयोग गरिएको पात्र-पात्रा अनुरूप वाग्धाराहरू यस प्रकार छन्- कुरा नाच्न थाले, काखीको झोला, फलाक्नुसम्म फलाक्यो, चुपलाग्नु, बिझेको काँडा, आँखाको दोष, देश खाइ शेष, धोती न टोपी, गुलियो बचन, आँखाको विष, बात लागेकी, धर्म गुमाउनु, सुईंकुच्चा ठोकेको, बाङ्गो कुरा, ओह्रालो लागेको मृग, एकै ड्याङको मूला, मुटुले ढ्याङ्ग्रो ठोक्न थाले, नाक नबढाऊ, आँखाको कसिङ्गर, घरमा डढेलो, गाँसबास हरायो, धोती न टोपी, कुरा नाच्न थाले, लेसो लाग्नु, निको छाँट, बाबुको बिहा देख्छ, दशाले कुत्कुत्याएछ, जोरी खोज्नु, खेती पाएछ, नाम बिकाइ दिन्छ, मुटु छेड्यो, तातो रिस, मुटु काम्यो, हुकुमको जवाब छैन, कालापानी भेजे जत्तिकै भो, दिनै बिग्रेको, दुःख वैरिए जस्तो, आगो हुन्थे, डाको छोडेर रोयो, उठिबास लाउने, दशा लागेको, ग्रह हटे जस्तो, दिनै बिग्रेको, कालो ग्रह, कालो छाँया इत्यादि।

---

[23] गङ्गाप्रसाद भट्टराई, सन् २०१७, *लोकवार्ता : तुलनीय केही पक्षहरू*, सिलगढी : मुक्तधारा प्रेस एण्ड पब्लिकेशन्स, पृ. १

**निष्कर्ष**

चियाबारीको जनजीवनलाई समेटिएर लेखिएको *जुनेली रेखा* उपन्यासमा लोकतत्त्वसँग सम्बन्धी लोकजीवन, विभिन्न प्रकारका लोकविश्वासहरू तथा लोकभाषा पाइने हुनाले यो उपन्यास लोकतत्त्वको सामीप्यमा छ भन्दा अत्युक्ति नहोला। यस उपन्यासले दार्जिलिङको चियाबारीको लोकजीवन तथा त्यहाँ प्रचलित चियाबारीसित सम्पृक्त भाषालाई उपन्यासमा चित्रण गर्न सफल भएको देखिन्छ।